## जानी राख्नुहोस्

तपाईंले केही पार्ट–टाइम कामहरूकहिल्यै गर्नु हुँदैन।

तपाईंले सजिलो र राम्रो पैसा आउने पार्ट–टाइम कामभनेर गर्नु हुने कामले तपाईंलाई थाहै नपाइकन एउटा आपराधिक समूहको सदस्य बनाउन सक्छ।




## पालना गर्नुहोस्

आपराधिक समूहहरू धैरै तलब मिल्ने खालका सामान्य कामको खोजीमा रहेका पार्ट–टाइम कामदारहरूजिरहेका हुन्छन्।

तपाईंले गर्न नहुने पार्ट–टाइम कामहरू

हजुरबुवा वा हजुरआमाबाट प्याकेजहरू पिकअप गर्ने

कोइन लकरबाट प्याकेजहरू पिकअप गर्ने

अरू कसैको क्यास कार्डबाट पैसा निकाल्ने

अरू कसैको अपार्टमेन्टबाट अरू कसैको सामान पिकअप गर्ने

यस्तो गर्नु अपराध हो। कहिल्यै पनि यस्तो काम नगर्नुहोस्।

तपाईंलाई यस्तो गर्न निम्तो दिइएको छ भने पनिगर्नुहोस्।

## जानी राख्नुहोस्

तपाईंले आफ्नै भए पनि बैंकको क्यास कार्ड, सेल फोन, स्वास्थ्य बीमा कार्ड विद्यार्थी परिचय पत्र जस्ता केही कुराहरू अरूलाई बिक्री गर्न, दिन वा सापटी दिन, वा अरूबाट खरिद गर्न, लिन वा सापटी लिन हुँदैन।




## पालना गर्नुहोस्

आफ्नो बैंक कार्ड, बैंकबुक वा सेल फोन (सिम कार्डसहितको) अरू कसैलाई बिक्री गर्ने वा दिने नगर्नुहोस्।

बेच्ने र किन्ने दुवै व्यक्तिलाई प्रहरीले पक्राउ गर्ने छ।

तपाईं आफ्नो देशमा फर्कर यी विवरण प्रयोग गर्न छाड्ने बेलामा आफ्नो बैंक वा फोन स्टोरमा जानुहोस् र आफूले आफ्नो खाता वा सिम कार्ड बन्द गर्न चाहेको कुरा बनाउनुहोस्।

आफ्नो स्वास्थ्य बीमा कार्ड र विद्यार्थी परिचय पत्र अरूलाई दिने वा अरूको आफूले लिने जस्ता कुनै पनि गतिविधि नगर्नुहोस्। अरू कसैको सामान प्रयोग नगर्नुहोस्।

साथीले नै तपाईंलाई आफ्नो समान प्रयोग गर्न भने पनि नमान्नुहोस्।

# जापानमा लागू हुने नियमहरू जानी राख्नुहोस् र तिनको पालना गर्नुहोस्



टोक्यो महानगरीय

गृहपृष्ठ

街とともに。人とともに。
FOR MORE COMMUNICATION
けいしちょう

नेपाली
ネパール語

リサイクル適性Ⓐ この印刷物は、印刷用の紙へリサイクルできます。

## जानी राख्नुहोस्

अरू कसैले अनुरोध गर्यो भन्दैमा उक्त व्यक्तिको क्रेडिट कार्ड नम्बर वा नाम प्रयोग गरेर मोबाइलबाट भुक्तानी गर्ने वा इन्टरनेट स्टोरहरूबाट सामान किन्ने नगर्नुहोस्।




## पालना गर्नुहोस्

सामजिक सञ्जालमा आपराधिक प्रकृतिका विभिन्नखाले पार्ट-टाइम कामहरू भेटिन्छन्।

किनमेल गरेकै भरमा पैसा कमाई हुने खालका पार्ट-टाइम कामहरू उपलब्ध छन् तर धेरै कामहरू आपराधिक खालका पनि छन्।

आपराधिक प्रकृतिका पार्ट-टाइम काम गरेका खण्डमा त्यस्ता सामान बेच्ने व्यापारीलाई प्रहरीले प्रक्राउ गर्छ।

अरू कसैको क्रेडिट कार्ड नम्बर वा नाम प्रयोग गरेर सामान किन्ने नगर्नुहोस्।

तपाईंको साथीले नै तपाईंलाई आफ्नो कार्ड वा नाम प्रयोग गर्न भन्नुभयो भने पनि कुनै सामान किन्नका लागि कहिल्यै पनि अरू कसैको जानकारी प्रयोग गर्ने नगर्नुहोस्।

## जानी राख्नुहोस्

जाली आवास कार्ड

बोक्नु हुन्न

खरिद गर्नु हुन्न

उत्पादन गर्नु हुन्न

प्रयोग गर्नु हुन्न




## पालना गर्नुहोस्

आवास कार्ड निकै महत्त्वपूर्ण हुन्छ।

तपाईंले कुनै पनि हालतमा जाली आवास कार्ड बोक्ने, किन्ने, छाप्ने, प्रयोग गर्ने गर्नु हुँदैन।

यसो गर्नुभयो भने तपाईंलाई प्रहरीले पक्राउ गर्ने छ।

तपाईंले सामाजिक सञ्जालहरूमा जाली आवास कार्डहरू बिक्री गरिएको, उत्पादन गरिएको पाउनुभयो भने त्यस्ता कार्ड नकिन्नुहोस्।

र आफ्नो आवास कार्डमा लेखिएका जानकारी आफैँले बदल्ने नगर्नुहोस्।

## जानी राख्नुहोस्

पसलबाट पैसा नतिरिकन सामान लिएर नजानुहोस्।

अरूका सामान आफ्नै जस्तो ठानेर नलैजानुहोस्, जस्तै, छुटेका कुरा वा हराएका सामान।

यस्तो कार्य गरेमा अपराध गरेको मानिने छ।



## पालना गर्नुहोस्

पसलबाट सामान चोर्ने नगर्नुहोस्।

अरू कसैको सम्पत्ति चोरी नगर्नुहोस्।

तपाईंले आफैँ चोरी गर्नु गर्नुभएको छैन भने पनि पसलको कर्मचारीबाट कुनै सामान लुकाउने, चोरीको सामान बोक्ने, कुनै चोरलाई भाग्न सघाउने, र चोरलाई मद्दत गर्नु अपराध हो।

अरू कसैको साइकल नचलाउनुहोस्।

कसैको खसेको सामान भेट्टाउनुभयो भने त्यसलाईआफ्नो सामान ठानेर प्रयोग नगर्नुहोस्।

त्यसलाई प्रहरी बाकसमा ल्याएर हाल्नुहोस्।